निस्सन्देह, अल्लाहले केवल त्यो कार्य स्वीकार गर्नुहुन्छ, जुन उहाँ र उहाँको खुशी प्राप्त गर्नको लागि गरिन्छ ।

अबू-उमामा अल्-बाहली (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, एक व्यक्ति नबी
(सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आयो र सोध्यो: जसले इनाम र प्रसिद्ध हुनको नियतले जिहादमा भाग लिन्छ, उसले के पाउँछ? नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले जवाफ दिनुभयो: "उसले केही प्राप्त गर्नेछैन ।" उनले आफ्नो प्रश्न तीन पटक दोहोर्याए र प्रत्येक पटक उहाँले भन्नुभयो : "उसले केही प्राप्त गर्नेछैन ।" त्यसपछि उहाँले भन्नुभयो: "निस्सन्देह, अल्लाहले केवल त्यो कार्य स्वीकार गर्नुहुन्छ, जुन उहाँ र उहाँको खुशी प्राप्त गर्नको लागि गरिन्छ ।" [सही]

एक व्यक्ति नबी (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आए र सोधे : अल्लाहबाट इनाम र मानिसहरूको प्रशंसा प्राप्त गर्ने नियतले जिहादमा भाग लिने व्यक्तिको के आदेश हो ? ऊ पुरस्कृत हुन्छ कि हुँदैन भनेर जिज्ञासा राखे । तसर्थ, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले उसले केही प्राप्त गर्नेछैन भनेर जवाफ दिनुभयो । किनभने उसले आफ्नो नियतमा अल्लाह बाहेक अन्य लाई साझेदार बनायो । उनले आफ्नो प्रश्न तीन पटक दोहोर्याए र प्रत्येक पटक उहाँले भन्नुभयो : उसले कुनै इनाम पाउने छैन । त्यसपछि, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले अल्लाहद्वारा उपासना स्वीकार हुने एक नियम बताउनुभयो; अल्लाहले मात्र त्यो कर्मलाई स्वीकार गर्नुहुन्छ जुन पूर्णतया अल्लाह र उहाँको खुशी प्राप्त गर्नको लागि गरिन्छ र त्यसमा कसैलाई साझेदार गर्दैन ।

https://sunnah.global/hadeeth/ne/show/65107